IME GENERAL INSURANCE Limited
आइएमई जनरल इन्स्योरेन्स लिमिटेड
**केन्द्रीय कार्यालयः** नारायण चौर, नक्साल, पोष्ट बक्स नं. २१७४६, काठमाडौं, नेपाल
फोन नं. ०१-४४११५१०, ४४११५२०, ४४११७३५, ४४२५५०८, ४४२५५०९, फ्याक्सः ०१-४४११७३६
E-mail: info@iginepal.com, Web: www.iginepal.com

# बाख्रा बीमालेख

अनुसूचीमा उल्लिखित प्रस्तावकबाट **आइएमई जनरल इन्स्योरेन्स लि.** (यसपछि बीमक भनिएको) लाई प्राप्त प्रस्ताव, आवश्यक कागजात, विवरण उद्घोषणमा उल्लिखित विषयमा सहमत भई स्वीकार गरिएको तथा बीमाशुल्क समेत प्राप्त भएकोले बीमा अवधिभित्र बाख्रा मरेमा बीमालेखको अधीनमा रही प्रस्तावलाई क्षतिपूर्ति रकम भुक्तानी गर्न बीमक मन्जुर गर्दछ ।

**रक्षावरण गर्ने जोखिमहरू:**

१) देहायको कुनै कारणबाट बाख्रा मरेमा अधिकतम् बीमाङ्क रकमको सीमाभित्र रही वास्तविक क्षतिको ९० प्रतिशत रकम भुक्तानी गरिनेछः
(क) आगलागी, चट्याङ्ग,
(ख) भूकम्प,
(ग) बाढी/डुबान/खडेरी/पहिरो/भूस्खलन
(घ) आँधीबेहरी/असिना/हिउँ/तुसारो,
(च) आकस्मिक/दुर्घटनाजन्य वाह्य कारणहरू,
(छ) रोगबाट हुने हानि-नोक्सानी

२) प्रस्तावकको दुर्घटनाको प्रत्यक्ष कारणबाट मृत्यु भएमा दुर्घटना मृत्यु सुबिधा रु. २,००,०००।– (दुई लाख) भुक्तानी गरिनेछ ।

**क्षतिपूर्ति नदिने अवस्थाहरू:**

१) बाख्राको सम्बन्धमा सत्य तथ्य कुरा लुकाई छिपाई झुठ्ठा विवरण दिएको पाइएमा ।

२) प्रस्तावक वा निजको एकाघरका परिवारका सदस्यको लापरवाहीले वा जानाजान मनोरञ्जनको उद्देश्यले वा रीसइवी साध्ने कार्यबाट बाख्रा मरेमा ।

३) बाख्रा हराएमा वा चोरी भएमा ।

४) सरकारी निकायको आदेशमा बाख्रालाई नष्ट गर्नुपर्ने भएमा ।

५) बाख्राको शरीरमा लगाई राखिएको संकेत पट्टा बीमा दावीको अवस्थामा शरीरमा नभेटिएमा ।

६) बीमा गरिएको बाख्रा प्रथम पटक बीमालेख जारी भएको मितिले १५ दिनभित्र रोगको कारणबाट मरेमा । तर यो व्यवस्था नवीकरणको हकमा भने लागू हुने छैन ।

८) चरन, स्वास्थ्य उपचार र प्रजनन् प्रयोजनको लागि गोठदेखि पाँच (५) किलोमिटरभन्दा बढीको दूरीमा मृत्यु भएमा ।

९) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही, (युद्ध घोषणा भएको होस् वा नहोस्) गृहयूद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणले बाख्रा मरेमा ।

१०) आणविक विकीरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहे बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः) जारी रहने अणुको विच्छेदनको ज्वलन समेतको सक्रियता संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटनाको कारणले बाख्रा मरेमा ।

११) आणविक हातहतियारबाट उठेको वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटनाको कारणले बाख्रा मरेमा ।

**प्रस्तावकले पालना गर्नु पर्ने शर्तहरू:**

१) बीमा गर्दाको समयमा सबै बाख्राहरू स्वस्थ तथा कुनै चोटपटक नलागेको हुनु पर्नेछ । बाख्रालाई जुकाको औषधि खुवाएको तथा PPR Vaccine बिरुद्धको खोप लगाएको प्रमाण अनिवार्य रूपमा बीमा प्रस्ताव फाराम साथ पेश गर्नु पर्नेछ ।

२) बीस (२०) वा सोभन्दा माथिको संख्यामा बाख्राको पालन गरिएको हकमा सरुवा संक्रामक रोगहरू Goat Pox, Foot & Mount Disease, Anthrax and PPR Vaccine बिरुद्धको खोप अनिवार्य रूपमा लगाएको हुनु पर्नेछ र सोको अभिलेख प्राविधिकबाट प्रमाणित गराई बीमकलाई उपलब्ध गराए पश्चात मात्र उल्लिखित रोगहरूको जोखिम वहन हुनेछ ।

३) बीस (२०) वा सोभन्दा माथिको संख्यामा बाख्राको पालन गरिएको हकमा बयस्क बाख्राको बासस्थान (खोर) पशु सेवा विभागद्वारा तोकिएको न्यूनतम मापदण्ड बमोजिम हुनुपर्नेछ ।

४) बीमा गरिएको बाख्राको संख्या थपघट गर्नु परेमा बाख्रा धनीले बीमकलाई लिखित जानकारी दिनु पर्नेछ ।

५) दश (१०) वा सो भन्दा वढी बयस्क बाख्रा पालिएको अवस्थामा आंशिक बीमा गर्न पाइने छैन ।

६) कानून बमोजिम बाख्राको स्वामित्व स्वतः परिवर्तन हुने अवस्थामा बाहेक प्रस्तावकले बाख्रालाई बीमा अवधि समाप्त नहुँदै बिक्री गरेमा वा अन्य कुनै कारणले हक छाडी हस्तान्तरण गरेमा बीमालेख स्वतः रद्द हुनेछ । तर बीमकको स्वीकृति लिई बीमालेख हस्तान्तरण गर्न सकिनेछ ।

७) बाखामा अनिवार्य रूपमा प्राविधिकबाट संकेत पट्टा लगाएको हुनु पर्नेछ । बीमित बाखामा लगाएको संकेत पट्टा कुनै कारण विशेषले हराएमा सोको जानकारी तत्काल बीमकलाई दिनु पर्नेछ ।

८) प्राविधिकको परामर्श अनुसार बाखालाई स्वस्थ र निरोगी राख्नु पर्नेछ र कुनै रोग लागेमा वा अस्वस्थ भएमा उचित रोकथाम वा उपचार गराउनु पर्नेछ । उपचारको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

९) बाखाको लागि स्वस्थ तथा पर्याप्त आहार, पानी र सुरक्षित तथा व्यवस्थित गोठको व्यवस्था गरेको हुनु पर्दछ ।

१०) बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समय अनुसार रातको बाह्र (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

**बीमाङ्क र बीमाशुल्क :**

१. बीमाङ्क गा.पा. / न.पा. / उ.ना.पा. / म.न.पा. को स्थानीय पशु सेवा शाखाले तोके बमोजिमको मूल्यमा हुनेछ । नतोकिएको अवस्थामा बीमित, बीमक र प्राविधिकको सहमति अनुसार हुनेछ । तर तोकिएको मूल्य हालको स्थानीय बजार मूल्यभन्दा बढी हुने छैन ।

२. आयातित बाखाको बीमाङ्क निर्धारण गर्दा अनिवार्य रूपमा सम्पूर्ण कागजात (बिजक, हवाई टिकट (हवाई मार्फत आएको अवस्थामा), राजश्व तिरेको कागज, क्वारेन्टाइन प्रमाणपत्र) पेश गर्नु पर्नेछ ।

३. आयातीत जातको बाखाका Cross Breeding बाट जन्मेको पाठापाठीको बीमा गर्दा अणुवंशीय गुण (Purity) को आधारमा बीमाङ्क कायम हुनेछ । सोको पशु सेवा वा भेटेनरी अस्पताल वा पशु सेवा विज्ञ केन्द्रबाट Pedigree Record प्रमाणित गराई अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

४. बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत प्रति वर्षका दरले लाग्नेछ ।

५. प्रस्तावकको दुर्घटना वापत बीमाशुल्क: रु. ०.५० प्रति हजार लाग्नेछ ।

६. पाँच (५) वर्ष उमेरसम्मको बाखाको बीमा गर्न सकिनेछ ।

७. दावी रहित छुट (No claim discount) को व्यवस्था:

नवीकरणको प्रथम वर्ष बीमाशुल्कको ५%

नवीकरणको दोस्रो वर्ष बीमाशुल्कको ७%

नवीकरणको तेस्रो वर्ष देखि बीमाशुल्कको १०%

**दावी सम्बन्धी प्रक्रिया:**

१) यस बीमालेख अन्तर्गत बीमित बाखा मरेमा सोको कारण खोली तीन (३) दिनभित्र प्रस्तावकले बीमकलाई लिखित जानकारी गराउनु पर्नेछ र पन्ध्र (१५) दिनभित्र वा सो अवधिभित्र सम्भव नभएमा सोको कारण सहित सम्भव हुनासाथ देहायका कागजातहरू बीमक समक्ष पेश गर्नु पर्नेछ ।

क) सक्कल बीमालेख,

ख) पूर्ण रुपले भरिएको दाबी फाराम,

ग) गा.पा. / न.पा. / वडा / कम्तिमा सबभन्दा नजिकको दुईजना छिमेकीको सर्जमिन मुचुल्का

घ) बीस (२०) वा सोभन्दा बढी बाखाको बीमा गरिएको अवस्थामा अनिवार्य रूपमा सम्बन्धित स्थानीय निकायको पशुसेवा वा भेटेनरी अस्पताल वा पशु सेवा विज्ञ केन्द्रबाट प्रमाणित प्रमाण-पत्र

ङ) बाखामा लगाएको संकेत पट्टा र सो देखिने गरी बाखा सहितको फोटो

२) यस बीमालेख अन्तर्गत मतभेद वा विवाद भएमा साठी (६०) दिनभित्र प्रस्तावकले बीमा समितिमा उजुरी दिन सक्नेछ ।

**परिभाषा:**

**बाखा** भन्नाले सबै प्रजातिका बाखा, बोका, खसी, पाठापाठी, आदि संझनु पर्दछ ।

**प्रस्तावक** भन्नाले यस बीमालेख नाम उल्लेख भएको र यसै बीमालेख अन्तर्गत बीमा गरिएको बाखाको स्वामित्व भएको व्यक्ति वा संस्था भन्ने संझनु पर्दछ ।

**लापरवाही** भन्नाले बीमितले आफ्नो बाखालाई रोगहरू बिरुद्ध समयमै आवश्यक प्रतिरोधात्मक खोपहरू नलगाएको, बाखा अस्वस्थ भएको अवस्थामा उचित हेरचाह, व्यवस्थित खोर तथा उपचार नगराएको अवस्था संझनु पर्दछ । बीमालेखमा उल्लेख भएका शर्तहरू पालना नगरेको अवस्था समेत संझनु पर्दछ ।

**प्राविधिक व्यक्ति** भन्नाले पशुसेवा शाखा, विज्ञ केन्द्रका प्राविधिक वा भेटेरीनरी जे.टि., जेटिए वा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा / पशु विज्ञान विषयमा ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा नियम बमोजिम कार्य गर्ने इजाजत प्राप्त व्यक्ति संझनु पर्दछ ।

**संकेत पट्टा** भन्नाले बीमा गरिएको बाखा लाई पहिचान गर्ने उद्देश्यले बाखा प्राविधिकले लगाई दिने पहिचान खुल्ने संकेत (ट्याग / माइक्रो चिप्स आदि) संझनु पर्दछ ।

**बाखा मृत्यु प्रमाणपत्र** भन्नाले सम्बन्धित पशु प्राविधिकले बीमित बाखाको मृत्यु भएको भनी प्रमाणित गरी दिएको प्रमाणपत्रलाई संझनु पर्दछ ।

**दुर्घटना** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक घटनालाई संझनु पर्छ ।

**पशु सेवा शाखा** भन्नाले स्थानीय निकाय / न.पा / गा.पा. मा रहेको पशु सेवा शाखा संझनु पर्दछ ।